ब्रिटिश गोर्खा नेपाल British Gurkhas Nepal

ARMY BE THE BEST

# गोर्खाली खबर

Gorkhali Khabar

भू.पु.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क ९, मे २०२३ Edition 9, May 2023



# हार्दिक श्रद्धान्जली

**३००४७६६४ कर्पोरल मनि कुमार गुरुङ्ग**
**ब्रिटिश गोर्खा नेपाल (२ आर जी आर)**
**(१९८७ - २०२३)**



**कर्पोरल मनि कुमार गुरुङ्गको**
असमायिक निधनले सम्पूर्ण बि जी एन परिवार अत्यन्तै मर्माहत भएका छौं। दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं र शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक संवेदना प्रकट गर्दछौं ।

**हामी सम्झिनेछौं**

**समस्त बि जी एन परिवार**

## कर्पोरल मनि कुमार गुरुङ्गलाई बि जी एन मा सम्मानपूर्वक सैनिक अन्त्येष्टि




कर्पोरल मनि कुमार गुरुङ्ग, ३००४७६६४, बि जी एन (२ आर जी आर) लाई हामीले दुर्भाग्यपूर्णबस् २२ एप्रिल को दिन गुमाउन पुग्यौं | २६ एप्रिलमा बि जी एन काठमाडौंमा उनको सम्मानपूर्वक सैनिक अन्त्येष्टि गरिएको थियो | महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन; बि जी एन अफिसर, स्टाफ, परिवारजन; ग्रोखा भेट्रान; नेपाली शुरक्षा निकायका प्रतिनिधी लगायतले सो अवसरमा कर्पोरल मनि कुमार गुरुङ्ग र उनको निष्ठापूर्ण सेवाप्रति सम्मानपूर्वक श्रद्धान्जली अर्पण गरेका थिए |

## पोखरा हवाई दुर्घटनापछि महाराजा चार्ल्स तृतीय द्वारा जारी सन्देश




**" आइतबार (१५ जनवरी) को दिन पोखरामा भएको विमान दुर्घटनामा परी भएको अन्त्यन्त दु:खद जीवन क्षतिबारे थाहा पाउँदा मेरी श्रीमती र म स्तब्ध भएका छौं, र यस अथाह शोकको समयमा हाम्रो विशेष सम्झना र प्रार्थना तपाई र नेपाली जनताका साथ छ भनी हामी तपाईहरूलाई भन्न चाहन्छौं | "**

**चार्ल्स आर**

# (मानार्थ) सह-सेनानी राम बहादुर लिम्बु भी सी  एम भी ओ लाई सैनिक अन्त्येष्टि

ब्रिटिश गोर्खा 'द भिक्टोरिया क्रस' (The Victoria Cross (VC)) प्रापकमध्ये अन्तिम जीवित गोर्खा सिपाही मानार्थ सह-सेनानी (जी सी ओ) राम बहादुर लिम्बुको २२ एप्रिल २०२३ मा काठमाडौंको मेडीसिटि अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो | भी सी लिम्बु उनको अन्तिम समयमा ८३ वर्षको हुनुहुन्थ्यो | उनीमाथि बेलायती सार्वभौमप्रति असाधारण तथा महत्त्वपूर्ण सेवा गरे बापत् 'द रोयल भिक्टोरियन अर्डर – मेम्बर (एम भी ओ)' (The Royal Victorian Order – Member (MVO)) पनि प्रदान गरिएको थियो |




२८ एप्रिलमा मानार्थ सह-सेनानी (जी सी ओ) राम बहादुर लिम्बु भी सी  एम भी ओ को पार्थिव शरीर सैनिक अन्त्येष्टिको लागि बि जी एन काठमाडौंमा ल्याइएको थियो |

सो समारोहमा भी सी लिम्बुका श्रीमती पुर्णिमाया लिम्बु, छोराहरू र परिवारजनले माला अर्पणको क्रम शुरूवात गर्नुभयो |





३५ सालसम्म ब्रिटिश सेनामा गोर्खा अफिसर रहेर सेवा गरेका रथी (भु पू) पिटर पियरसन सी बि सी बि इ ले सैनिक अन्त्येष्टिमा महाराजा चार्ल्स तृतीयको प्रतिनिधित्त्व गर्नुभएको थियो | नेपाली सेना उप रथी सागर बहादुर थापा; महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन; श्री मार्क वाल्टर्स, प्रथम राजनैतिक सचिव बेलायती दुतावास; श्री सुधिर भण्डारी, 'चिफ अफ प्रोटोकल' नेपाल सरकार परराष्ट्र मन्त्रालय; सेनानी धिरज संजित निम्बल्कार, भारतीय रक्षा सहचारी; रेजिमेन्टल असोसीएशन नेपालका पदाधिकारीहरू; अस्ट्रेलियन भी सी असोसीएशनका सदस्यहरू; ब्रिटिश गोर्खा भेट्रानहरू र बि जी एन तथा ब्रिगेड अफ गोर्खा समुदायका अफिसर, स्टाफ तथा परिवारजनहरूले सह-सेनानी (जी सी ओ) राम बहादुर लिम्बु भी सी एम भी ओ प्रति सम्मान स्वरूप माल्यार्पण गरेका थिए |



समारोह लगत्तै नेपाली सेनाको उडानमा पार्थिव शरीर भी सी लिम्बुको ग्रहनगर दमक, झापा लागिएको थियो | ३० एप्रिलमा शरीर हस्तान्तरणपछि भी सी लिम्बुका परिवारजनद्वारा रथी (भु पू) पिटर पियरसन सी बि सी बि इ, उपरथी आश बहादुर तामाङ नेपाली सेना, महासेनानी पल स्मिथ, प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, लगायत बि जी एन का अफिसर, स्टाफ, गोर्खा भेट्रान संस्थाका प्रतिनिधिहरू र दमकका सर्वसाधारणको व्यापक उपस्थिती बीच धार्मिक, सांस्कृतिक परम्परा अनुसार अन्तिम संस्कार सम्पन्न गरियो |





## ब्रिगेड अफ गोर्खाज कर्णल कमाण्डन्टद्वारा नेपालका राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश



ब्रिगेड अफ गोर्खाज कर्णल कमाण्डन्ट, रथी रिचर्ड वार्डलअ ओ बि इ द्वारा ०३ फेब्रुअरीमा नेपालका तत्कालिन सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीसमक्ष २०२२ सालको ब्रिगेड अफ गोर्खाज वार्षिक प्रतिवेदन पेश गरियो | प्रतिवेदनमा ब्रिगेड अफ गोर्खाजले २०२२ सालभरी गरेको गतिविधीहरूबारे जानकारी गराइएको छ | नेपालका लागि बेलायती राजदुत निकोला पोलिट; रक्षा सहचारी, महासेनानी पल स्मिथ; कर्णल ब्रिगेड अफ गोर्खाज, महासेनानी डेभिड रबिनसन र ए एम ए, सेनानी कमल गुरुङ्ग पनि उक्त समारोहमा उपस्थित हुनुहुन्थ्यो |

## महाराजा चार्ल्स तृतीय र रानी कमीला को राज्याभिषेक



महाराजा चार्ल्स तृतीय र रानी कमीला को मे ६ मा राज्याभिषेक समारोह नेपालमा पनि बि जी एन र बेलायती दुतावासमा मनाइयो | महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन र प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन ले सो अवसरको महत्त्वबारे चर्चा गर्नुभएका थिए भने बेलायतमा भइरहेको उक्त समारोहको लाइभ स्क्रिनीङ गरिएको थियो | 'सेन्ट एड्वर्डज क्राउन' पहिरिने राजा चार्ल्स तृतीय सातौँ शासक हुन् |



## रेक्रुट इन्टेक २०२३ प्रमाणीकरण

## RI23 Attestation Parade



रेक्रुट इन्टेक २०२३ अन्तर्गत छनौट प्रक्रियामा सफल भएका २०४ नयाँ गोर्खा रेक्रुटहरूको प्रमाणीकरण १० फेब्रुअरी २०२३ को दिन ब्रिटिश गोर्खा पोखरामा सम्पन्न भयो | सम्माननीय रक्षासमबन्धी व्यक्ति, भुतपूर्व र सेवा परिवार मन्त्री (Minister for Defence People, Veterans and Service Families) डा. एन्ड्रयु मरिसन एम पी; नेपालका लागि बेलायती राजदुत निकोला पोलिट; ब्रिगेड अफ गोर्खाज कर्णल कमाण्डन्ट, रथी रिचर्ड वार्डलअ ओ बि इ; सहायक रथी सम्माननीय लर्ड लेनकेस्टर टि डी भी आर पी सी; महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन र महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज लगायतले महाराजा चार्ल्स तृतीयको शासनकालको पहिलो नयाँ गोर्खा रेक्रुटहरूको प्रमाणीकरण लिएका थिए |

परेडमा सेनानी रन्जनकुमार बदगामी, गोर्खा मेजर बि जी एन द्वारा रेक्रुटहरूलाई सपथ ग्रहण गराइएको थियो र यससँगै रेक्रुटहरूले महाराजा चार्ल्स तृतीय प्रति निष्ठाको कसम खाएका थिए |



शसस्त्र प्रहरी बल प्रमुख निरीक्षक राजु अर्याल र  नेपाली सेनाका सहायक रथी प्रेम पुन कार्यक्रममा उपस्थित थिए | नेपालको विभिन्न ठाउँहरूबाट आएका नयाँ रेक्रुटहरूका खुशी परिवारजनहरू पनि परेडमा सामेल थिए |  प्रमाणीकरण परेडपछि उच्च पदाधिकारीहरू भर्ती भएका नयाँ रेक्रुट र उनीहरूका परिवारजनसँग अनौपचारिक अन्तरक्रियामा संलग्न भएका थिए |



सम्माननीय रक्षासमबन्धी व्यक्ति, भुतपूर्व र सेवा परिवार मन्त्री (Minister for Defence People, Veterans and Service Families) डा. एन्ड्रयु मरिसन एम पी सँग अंग्रेजी दैनिक पत्रिका 'द हिमालयन टाइम्स' का मुख्य सम्पादक राजन पोख्रेलले १० फेब्रुअरीमा बि जी एन क्याम्प, पोखरामा लिनुभएको अन्तरवार्ताको लिङ्क :

https://thehimalayantimes.com/nepal/gurkhas-are-very-much-at-the-heart-of-british-people-dr-andrew-murrison





*बाँया: महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन र श्रीमती शार्लट स्मिथ, र डब्लु ओ १ मनोज जुगजाली, आर एस एम बि जी एन, तथा दाँया:  रथी रिचर्ड वार्डलअ ओ बि इ, ब्रिगेड अफ गोर्खाजि कर्णल कमाण्डन्ट र सेनानी रन्जनकुमार बदगामी, गोर्खा मेजर बि जी एन नयाँ भर्ती भएका रेक्रुट र उनीहरूका परिवारजनसँग*

# RECRUIT INTAKE 2023



गोर्खा भर्ती २०२३ (रेकृट इन्टेक २३) अन्तर्गत ब्रिटिश सेना, ब्रिगेड अफ गोर्खाजमा भर्ती हुन सफल भएका रेक्रुटहरू उच्च पदाधिकारी अतिथी, अफिसर लगायत स्टाफहरूका साथ्

# सम्भवत: महाराजा चार्ल्स तृतीयपछि नामांकरण गरिएको पहिलो हल पोखरामा उद्घाटन



महाराजा चार्ल्स तृतीय हल, बहु-उपयोग पूर्वाधार, ब्रिटिश गोर्खा पोखरामा उद्घाटन भएको छ | सम्भवत: महाराजा चार्ल्स तृतीयपछि नामांकरण गरिएको पहिलो हल सम्माननीय रक्षासमबन्धी व्यक्ति, भुतपूर्व र सेवा परिवार मन्त्री (Minister for Defence People, Veterans and Service Families) डा. एन्ड्रयु मरिसन एम पी द्वारा १० फेब्रुअरी २०२३ मा महाराजा चार्ल्स तृतीयको शासनकालको पहिलो गोर्खा भर्ती प्रमाणीकरणको दिन उद्घाटन गरिएको थियो | यस पूर्वाधारको परियोजना डिफेन्स इनफ्रास्ट्रकचर अर्गनाइजेशन (डी आइ ओ) (नेपाल) को जिम्मेवारीमा सम्पन्न भएको हो |








## सह-सेनानी राम बहादुर लिम्बु भी सी डाइनींङ हल समुद्घाटन



(मानार्थ) सह-सेनानी (जी सी ओ) राम बहादुर लिम्बु भी सी एम भी ओ का श्रीमती पुर्णिमाया लिम्बुले ०७ मार्चको दिन बि जी एन काठमाडौंमा 'सह-सेनानी राम बहादुर लिम्बु भी सी डाइनींङ हल, बि जी एन' को समुद्घाटन गर्नुभयो | सेनानी रन्जनकुमार बदगामी, गोर्खा मेजर बि जी एन ले समारोहको आयोजना गर्नुभएको थियो भने उक्त समारोहमा प्रमुख सेनानी राजेशकुमार गुरुङ, उप-कमाण्डर/चिफ अफ स्टाफ बि जी एन ले सो स्थललाई सह-सेनानी राम बहादुर लिम्बु भी सी र उनको गोर्खा ब्रिगेडको विरासत पछाडि नामांकरण गरिनुमा बि जी एनको उच्च सम्मान रहेको बताउनुभयो |



## कीर्तिमानी हरी बुढा मगरलाई बि जी एन मा बधाइ






दुवै खुट्टामा घुंडा माथिसम्म अपाङ्गता भएर पनि सफलतापूर्ण सगरमाथा आरोहण गरी विश्व कर्तिमान रचेका ब्रिटिश गोर्खा भेट्रान हरी बुढा मगरलाई २४ मे मा बि जी एन काठमाडौंमा समस्त बि जी एन काठमाडौं स्टाफ, परिवारजन, गोर्खा भेट्रान लगायतले हर्षोलासकासाथ् स्वागत गरी बधाइ दिएका छन् | कार्यक्रममा हरी बुढा मगरले आफ्नो प्रयास किर्तिमान रच्नु भन्दा पनि अपाङ्गता हुँदैमा असह्य नहुने भन्ने सन्देश प्रवाह गर्नुमा रहेको बताउनुभयो |

# बि जी एन वार्षिक प्रशिक्षण तथा कमाण्डर्स कप २३



बि जी एन वार्षिक प्रशिक्षण तथा कमाण्डर्स कप २३ १६-१९ मे बीच बि जी एन काठमाडौंमा सफलतापूर्वक सम्पन्न भयो | बि जी एन पोखरा र धरानका स्टाफ पनि सम्मेलित सो कार्यक्रममा १७ मे को दिन प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर; सेनानी रन्जनकुमार बदगामी, गोर्खा मेजर; केर्री बर्रोज, गैर-सैनिक सचिव (सिभिल सेक्रटरी) – बी जी एन तथा सह-सेनानी सुन्दर शेरचन द्वारा प्रशिक्षण शत्रहरू संचालन गरिएको थियो |

प्रशिक्षण समापनसँगै १८ र १९ मे मा बि जी एन कमाण्डर्स कप २३ अन्तर्गत बास्केटबल, भलिबल, ब्याडमिन्टन र टेबल-टेनिस प्रतियोगितामा सहभागीहरूले उत्साहपूर्वक सहभागिता जनाएका थिए | बि जी के ए, बि, सी र बि जी एन पोखरा/धरान टोलीहरूको सहभागिता रहेको प्रतियोगितामा समग्रमा उत्कृष्ट स्कोर ल्याउन सफल 'बि जी के 'ए'' टोली लगायत सबै विजेताहरूलाई महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन ले पुरस्कार वितरण गर्नुभएको थियो | बि जी एन वार्षिक प्रशिक्षण तथा कमाण्डर्स कप २३ का गतिविधी सह-सेनानी ललितबहादुर थापा, ओ सी एन एस टि को मुख्य जिम्मेवारीमा संचालन भएको थियो |







## बि जी एन सी एस सम्मानित

श्री सिसिर कुमार पाण्डे, एच आर प्रमुख बि जी एन, बेलायती सार्वभौम ('क्राउन') प्रति आफुले गर्दै आएको लामो सम्पर्पित सेवा बापत स्वर्गीय महारानी एलिजाबेथ द्वितीयको उच्च स्थरको 'ब्रिटिश एम्पायर मेडल' (British Empire Medal (BEM) Civil Division, Honorary) बाट सम्मानित हुनुभएको छ | महारानीको प्रतिनिधित्त्व गर्दै नेपालका लागि बेलायती राजदुत महामहिम निकोला पोलिटले १० फेब्रुअरीमा ब्रिटिश गोर्खा पोखरामा गोर्खा भर्ती प्रमाणीकरण लगत्तै श्री सिसिर कुमार पाण्डेलाई उक्त पदक प्रदान गर्नुभएको थियो |

बि जी एन धरानका चार जना गैर-सैनिक स्टाफ कमाण्डर्स कोइन बाट सम्मानित भएका छन् | १९ मे, बि जी एन काठमाडौंमा कमाण्डर्स कप २३ को समापन कार्यक्रमको सिलसिलामा श्री कमल बहादुर माझी, श्री राजु राई, श्रीमती पुनम अर्याल भट्टराई र श्रीमती रेश्मा श्रेष्ठ आफ्ना उदाहरणीय कार्य सम्पादनका कारण कमाण्डर्स कोइन बाट सम्मानित भएका हुन् |






## बि जी एन महिला समूहद्वारा परोपकारी सहयोग सङ्कलन

बि जी एन महिला समूहद्वारा १७ मे मा कोष सङ्कलन परोपकारी भोजन आयोजना गरियो | सैनिक, गैर-सैनिक स्टाफ तथा परिवारजनको सहभागिता रहेको उक्त कार्यक्रम मार्फत महिला समूहले सबै उमेरका वन्चित नागरीकहरूलाई सहयोग गर्ने संस्था 'नेपाल स्नेही काख' लाई लक्षित पर्याप्त सहयोग रकम संकलन गर्न सफल भएका थिए |





## ‘रोयल कलेज अफ डिफेन्स स्टडिज’ (Royal College of Defence Studies (RCDS)) को नेपाल भ्रमण

आफ्नो शैक्षिक अध्याय अन्तर्गत नेपाल भ्रमणमा आएका रथी (भु पू) सर जर्ज नर्टन के सी भी ओ, सी बि इ को नेतृत्त्वमा आएको बेलायतको ‘रोयल कलेज अफ डिफेन्स स्टडिज’ (Royal College of Defence Studies (RCDS)) का अफिसर टोलीलाई रक्षा सहचारीको हैसियतमा महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन र बि जी एन को रक्षा अङ्ग (Defence Section) ले विभिन्न कार्यक्रमहरू आयोजना तथा सहजीकरण गरेका थिए | यस अन्तरगत नेपाली सेनाका आर सी डी एस का पूर्व विद्यार्थी अफिसरहरू र गोर्खा भेट्रानहरूसँग भेटघाट, बि जी एन भिजिट, जलवायु परिवर्तन सम्बन्धी इसिमोड (ICIMOD) प्रशिक्षण कक्षमा गोष्ठी, नेपाली सेनासँग विभिन्न अन्तरक्रिया तथा अन्य गतिविधीहरू सम्पन्न भएका थिए |



## रेजिमेन्टल असोसीएशन नेपाल (Regimental Association Nepal (RAN))

रथी रिचर्ड वार्डलअ ओ बि इ, ब्रिगेड अफ गोर्खाज कर्णल कमाण्डन्ट; महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन; महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर/चिफ अफ स्टाफ बि जी एन; सेनानी जित हमाल, उप-चिफ अफ स्टाफ (DCOS) बि जी एन नेपाल-स्थित् भुतपूर्व ब्रिटिश गोर्खा सैनिकका प्रतिनिधि रेजिमेन्टल संघहरूका पदाधिकारी तथा सदस्यहरूकासाथ, ०३ फेब्रुअरी २०२३, बि जी एन काठमाडौं



## नारी दिवस २०२३ मा बि जी एन नारी समूह सक्रिय

०८ मार्च, अर्थात अन्तर्राष्ट्रिय नारी दिवस २०२३ मा बि जी एन का महिला सिभिलियन (गैर-सैनिक) स्टाफको समूहद्वारा उच्च जोखीममा बाँचिरहेका र शोषण, मानव बेचबिखन जस्ता अपराधका पिडित महिलाहरूलाई आश्रय दिइरहेको संस्था - ड्रिम्स इनक्युबेटर लाई आर्थिक सहयोग प्रदान गरियो |

यस आर्थिक सहयोगको रकम जुटाउन दिवस अघि महिला स्टाफ समूहद्वारा बि जी एन काठमाडौंमा कोष-संकलनको कार्यक्रम आयोजना गरिएको थियो | सहयोग हस्तान्तरण पूर्व महिला स्टाफ समूहका सदस्यहरू उत्तरी काठमाडौं उपत्यका-स्थित् शिवपुरी नागरजुन राष्ट्रिय निकुन्जको पदयात्रामा सरीक भएका थिए |



## नेपाली नयाँ साल २०८० बि जी एन मा स्वागत





नयाँ दशकमा प्रवेशसँगै एप्रिल १३ अर्थात चैत ३० गते बि जी एन काठमाडौंमा नेपाली नयाँ साल २०८० को आगमानलाई रमाइलो कार्यक्रम आयोजना गरी स्वागत गरियो | महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन तथा श्रीमती शार्लट स्मिथ र प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर/चिफ अफ स्टाफ बि जी एन तथा श्रीमती भउमती गुरुङ् प्रमुख अतिथि रहेका कार्यक्रममा क्याम्पकै मिलिटरी तथा सिभिलियन स्टाफ सम्मिलित समूहहरूले सांस्कृतिक कार्यक्रममा उत्कृष्ट नाचगान प्रदर्शन गरेका थिए | सेनानी रन्जनकुमार बदगामी, गोर्खा मेजर बि जी एन र डब्लु ओ १ मनोज जुगजाली, आर एस एम बि जी एन को अग्रसरतामा आयोजना गरिएको कार्यक्रममा र्याफल ड्रअ र बि जी एन साङ्गीतिक समूहको प्रस्तुति जस्ता अन्य प्रशंसनीय कार्यक्रमहरू प्रस्तुत गरिएको थियो |

## बि जी एन संसारी माई पूजा

यस वर्षको बि जी एन संसारी माई पूजा सेनानी रन्जनकुमार बदगामी, गोर्खा मेजर बि जी एन को अग्रसरतामा १३ मे मा गोदावरी स्थित् पारम्पारिक पूजा स्थलमा सम्पन्न गरियो | हरेक वर्ष प्रकृति र प्राकृतिक देवी देवताबाट आशिर्वादको लागि संसारी माई पूजा गर्दै आएको बि जी एन को परम्परा छ | यस वर्षको पूजामा महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन लगायत बि जी एन का अन्य सैनिक तथा गैर-सैनिक स्टाफको सहभागिता थियो |



## बि जी एन भिजिट

उपरथी जी एम स्ट्रिकल्याण्ड डी एस ओ  एम बि इ, महासेनानी द रोयल गोर्खा राइफल्स र श्रीमती स्ट्रिकल्याण्ड २८ मार्चमा बि जी एन काठमाडौं आएका थिए | महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन; प्रमुख सेनानी राजेशकुमार गुरुङ, उप-कमाण्डर बि जी एन लगायत बि जी एन अफिसर तथा स्टाफले वहाँहरूको स्वागत गर्नुभएको थियो |



सहायक रथी जन क्लार्क सी बि इ, रेजिमेन्ट महासेनानी क्यु जी इ; प्रमुख सेनानी रायन कास्ट्रो आर इ, कमाण्डन्ट क्यु जी इ; सेनानी गोभिन्दबहादुर राना, गोर्खा मेजर क्यु जी इ र डब्लु ओ १ एन्ड्रयु हर्रेन् आर इ, आर एस एम क्यु जी इ २२ मे मा बि जी एन काठमाडौं आउनुभएको थियो | अतिथि टोलीलाई महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन लगायत बि जी एन अफिसर तथा स्टाफ ले स्वागत गरेका थिए |





उपरथी जोनाथन स्विफ्ट ओ बि इ, जेनरल अफिसर कमाण्डिङ् (जी ओ सी) रिजनल कमाण्ड (आर सी); श्रीमती ब्रिजेट मरिसन, सिभिल सेक्रटरी (गैर-सैनिक सचिव) आर सी; सेनानी जर्ज क्याजलेटन, जी ओ सी का निमित्त एम ए र सार्जेन्ट मणि गुरुङ्, जी ओ सी का निमित्त एस ए सम्मिलित टोलीको नेपाल भ्रमण २० जनवरीमा सम्पन्न भयो | भर्मणको अवसरमा बि जी एन काठमाडौं र धरान तथा जी डब्लु टि का स्टाफहरूले जी ओ सो कोइन र सम्मान प्राप्त गरेका थिए |



सहायक रथी एन डी जी काउली ओ बि इ, कमाण्डर १६ एयर असल्ट ब्रिगेड, आफ्नो परिवारका साथ २७ मार्चमा बि जी एन काठमाडौं आएका थिए | उनीहरूलाई प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर/चिफ अफ स्टाफ बि जी एन; सेनानी रन्जनकुमार बदगामी, गोर्खा मेजर बि जी एन; जित हमाल, उप-चिफ अफ स्टाफ (DCOS) बि जी एन लगायत अन्य बि जी एन अफिसर तथा स्टाफले स्वागत गरेका थिए |



सहायक रथी माइक फेयर्स, महासेनानी क्यु जी सिगनल्स रेजिमेन्ट; प्रमुख सेनानी साइमन स्मिथ, कमाण्डर क्यु जी सिगनल्स र सेनानी दिपक राई, गोर्खा मेजर क्यु जी सिगनल्स; तथा, सहायक रथी क्रिस किङ्, ब्रिगेड कमाण्डर १०४×; प्रमुख सेनानी अमर भुन्डिया, सी ओ ९ रेजिमेन्ट आर एल सी का समूह नेपाल भ्रमणको क्रममा १३ मार्चमा बि जी एन काठमाडौं आउनुभएको थियो |



सहायक रथी एन्ड्र्यु ग्रिफिथ्स ओ बि इ, महासेनानी जी एस पी एस, उनका परिवार र सेनानी नरेन्द्र गुरुङ्ग ओ सी/एस ओ २ जी एस पी एस लाई ०४ एप्रिलमा महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन; सेनानी रन्जनकुमार बदगामी, जी एम बि जी एन; सेनानी जित हमाल, उप-स्टाफ प्रमुख (DCOS) बि जी एन; सेनानी डग्लस मक्कट्चन, क्यु एम बि जी एन; सेनानी धीर पुन, ए एम ए र अन्य बि जी एन अफिसर तथा स्टाफले बि जी एन काठमाडौंमा स्वागत गरेका थिए |

# मुगुमा निःशुल्क स्वास्थ्य शिविर

**- गोर्खा वेल्फेयर ट्रष्ट (नेपाल)**




गोर्खा वेल्फेयर ट्रष्टले नेपालको दुर्गम क्षेत्रमा रहेका समुदायहरूलाई लक्षित गरी निःशुल्क स्वास्थ शिविर सञ्चालन गर्दै आएको छ | धेरै मानिसका लागि उनीहरूले प्राप्त गर्ने चिकित्सा सहायता यो मात्र हुन सक्छ | मोतियाबिन्दुको शल्यक्रिया तथा दाँत उपचार जस्ता सरल प्रक्रियाहरूले पनि असुविधामा बाँच्नु परेका समुदायहरूलाई निकै राहत मिल्ने गरेको छ | गत डिसेम्बर महिनामा हामीले मुगु जिल्ला अस्पतालमा यस्तै स्वास्थ शिविर सञ्चालन गरेका थियौं | तीन दिनसम्म सञ्चालित उक्त शिविरमा ७६० जना बिरामीहरूले निःशुल्क स्वास्थ्य सुविधा पाएका थिए, जस मध्ये कतिपय बिरामीहरू दुई-तीन दिनसम्मको पैदल यात्रा गरेर आएका थिए | शिविर सञ्चालन हुन केही दिन अघि मात्र पहिरोले स्थानिय लघु जलविद्युत आयोजनामा क्षति पुर्याएको हुनाले शिविर अवधिभर जेनरेटरको प्रयोग गर्नुपरेको थियो | शिविरमा चिकित्सकहरूले सामान्य स्वास्थ जाँच, कानको जाँच, दाँतको उपचार तथा कृत्रिम अंगहरुको नाप र जडान गर्ने जस्ता सुविधाहरु उपलब्ध गराएका थिए |




सफलतापूर्वक सम्पन्न उक्त शिविरमा प्रवाह गरिएका सेवाहरू:

– ३८६ बिरामीहरूको नाक, कान र घाँटीको समस्यासम्बन्धी उपचार
– २०० बिरामीहरूको कानसम्बन्धी जाँच
– १०० थान कान सुन्न सहयोग गर्ने उपकरण वितरण
– ८० थान नक्कली दाँत बनाएर जडान
– शारीरिक पुनर्वास सम्बन्धी ३८ जना बिरामीहरूलाई सेवा
– ३५ जनाको कृत्रिम अंग मापन



# बि जी एन विविध




बि जी एन द्वारा २८ मार्चमा कारागारमा रहेका व्यक्तिहरूको छोरा-छोरीलाई आधारभुत आवश्यकता पुर्याइदिन काम गर्ने संस्था - 'प्रिजनर्स असोसीएशन नेपाल (पी ए नेपाल)' लाई आर्थिक सहयोग प्रदान गरियो | महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन द्वारा हरि खड्का, निर्देशक पी ए नेपाललाई चेक हस्तान्तरण भएको थियो | कोष संकलनको पहल लेन्स कर्पोरल सुजन घलेले गरेका थिए |



बि जी एन थ्रिफ्त पसलद्वारा श्री बुद्ध माध्यमिक विद्यालयका छात्रा विद्यार्थीहरूलाई २८ मार्चमा वातावरण-मैत्री प्रक्रियाबाट बनिएको सेनिटेरी प्याड सहयोग गरिएको थियो | सहयोग सामग्री लैङ्गिक हिंसा र शोषणका पीडितहरूलाई सहयोग गर्ने संस्था एक्स्पोजे नेपाल (X-Pose Nepal) बाट खरिद गरिएको थियो | थ्रिफ्त पसलका प्रबन्धक श्रीमती लिन्जी-एन ग्रीन, श्रीमती प्रिया राई र श्रीमती सेराह बर्रोज ले यस पहलको नेतृत्व गरेका थिए |




यस वर्ष बि जी एन काठमाडौं का सिभिलियन स्टाफको वार्षिक वनभोज २५ फेब्रुअरीमा जर्सिंगपौवामा आयोजना गरिएको थियो | बि जी एन का नयाँ डेपुटी सिभिल सेक्रटरी प्रयानसेस्का हेटली लगायत नयाँ सिभिलियन स्टाफहरूलाई सो कार्यक्रममा स्वागत गरिएको थियो |



ब्रिगेड कल्चर र ल्याङ्ग्वेज टिम (बि सी एल टि) र टिम गोर्खा बीच १२ एप्रिलमा ब्रिटिश गोर्खा पोखरामा मैत्रीपूर्ण फुटबल खेल खेलिएको थियो | बि सी एल टि ले हरेक वर्ष दुई चरणमा पोखरा शिविरमा नेपाली/गोर्खाली परम्परा र भाषाको अध्ययन कक्षा संचालन गर्दछ जस अन्तर्गत यस पालि १६ जना विद्यार्थीहरू अध्ययनरत छन् | टिम गोर्खामा बि जी पी, जी डब्लु टि र कदुरी अशोसीएशनका स्टाफ सामेल थिए | सो खेलमा टिम गोर्खा ५-३ गोलले विजयी भएको थियो |

## सम्पर्क विवरणहरू:

**गोर्खा भेट्रान्स एड्भाइस सेन्टर्स (जिभ्याक)**
**Gurkha Veterans' Advice Centres (GVAC)**

| | | |
|---|---|---|
| पेन्सन | काठमाडौं- ०१-४२३५३२२ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१- ५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५३६९९२ | bgn-vs-gvacd-groupmailbox@mod.gov.uk |
| रेकर्ड्स | काठमाडौं- ०१-४२३५३२४ | vsoktm@bgp.com.np |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९११० | dipakarki.thapa118@mod.gov.uk |
| गोर्खा सेटलमेन्ट अफिस | काठमाडौं- ०१-४२३५३२९ | bgn-vs-gso-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९१८९ | gvacdharan@bgp.com.np |

**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
मानभवन ,ललितपुर
बि एफ पी ओ ४
नेपाल

**Headquarters, BRITISH GURKHAS NEPAL**
Manbhawan, Lalitpur
British Forces Post Office 4
Nepal

BFBS Gurkha – c/o HQ BGN, BFPO 4

**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले बि.जी.एन मुख्यालय, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन् |

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from BGN HQ, Kathmandu.

**Contact: BGN FPO, Ph. 01-4235236; e-mail: BGN-SNCO-FPO-GroupMail@mod.gov.uk**

जरूरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay in touch, like and follow British Gurkhas Nepal's Facebook page
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

https://www.army.mod.uk/who-we-are/corps-regiments-and-units/brigade-of-gurkhas/british-gurkhas-nepal/

**<u>Headquarters British Gurkhas Nepal Points of Contact:</u>**

Maj Ranjankumar Badgami
| Gurkha Major | Media Officer |

Gaurav Chandra Gurung
| Communications Officer |
GauravChandra.Gurung125@mod.gov.uk